# कविता नै नचिनेकी आँशुकवि

*अभिषाला पोखरेल*

*खोजिसकें पृथ्वी सारा हात लागेन कल्पनाहरू*
*अझै खोज्ने धोको छ मेरो साथ पाइन म के गरूँ ?*
*माथि जाने लक्ष्य बोकी हिड्दै थिए उकालोतिर*
*बीचमै टुक्रियो बाटो त्यहाँ रै"छ अनौठो भीर ।*

यो कविताको हरफ पढ्दा लाग्न सक्छ कि यो कुनै स्थापित साहित्यकार एवं शिक्षित व्यक्तिले लेखेको होला, तर पत्याउन गाह्रो पर्ला कि यो त एक कक्षा पनि नपढेकी महिलाले लेखेकी हुन् भनेर । ०२४ सालमा सिन्धुली जिल्लाको पोखरी गाविसमा जन्मिएकी र शिक्षाको संसारबाट वञ्चित महिला हुन्- दिव्यलक्ष्मी पोखरेल ।

पढेर ठूलो मान्छे बन्ने सपना बोकेर स्कुल गएकी दिव्यलक्ष्मीलाई केवल दुई महिना मात्र समयले साथ दियो । स्कुलमा कक्षा तीनसम्म मात्र भएकाले दाइले तीन पास गरेर अर्कै ठाउँमा पढ्न गएछन् । स्कुल टाढा र साथी कोही नभएकाले उनले पढ्नै छोडिदिइन् । भर्खर मात्र क ख सिक्ने अवसर पाएकी उनलाई त्यसपछि स्कुलमा भर्ना हुने मौकै परेन ।

बुबाआमाले पढ्नुपर्छ भन्नुभएन भन्ने प्रश्नमा उनी भन्छिन्- "हाम्रो हजुरबुबा चारखालमा डिठ्ठा हुनुहुन्थ्यो रे । उहाँ विद्वान् हुनुहुन्थ्यो रे । त्यतिबेला राणा शासन थियो रे । उहाँले सरकारको आदेशबिना नै मुद्दा छिन्ने गर्नुहुन्थ्यो रे । त्यसैले उहाँको सर्वस्वहरण गरेर चारभन्ज्याङ कटाइयो । आफूले पढेर यति ठूलो सजायँ भोग्नुपरेकाले गर्दा आफ्ना १३ सन्तान कसैलाई पनि नपढाउने अठोट गर्नुभयो र कसैलाई पनि पढाउनुभएन । त्यसैले बुबा(लाई त शिक्षाको संसार नै थाहा भएन । उहाँले पनि शिक्षा दुःखदायी भएको महसुस गर्नुभयो । त्यही भएर होला मलाई पनि कसैले पढ्नुपर्छ भनेर कर गरेन ।"

दिव्यलक्ष्मीले पढ्न नपाए पनि आफूभित्रको प्रतिभालाई प्रष्फुटित गराएरै छोडिन् । दुई महिना मात्र स्कुल गएकी उनले अहिले दर्जनौं कविताका साथै अहिलेको देशको परिवेशलाई समेटेर लेख लेख्ने गर्छिन् । कसैभित्र प्रतिभा छ भने त्यसलाई केही गरे पनि रोक्न सकिँदैन भन्ने कुरा दिव्यलक्ष्मीबाट प्रस्ट हुन्छ । केवल दुई महिना मात्र स्कुल गएकी दिव्यलक्ष्मीलाई अर्की आमाले अकार (ककाकिकी) सिकाइन् । उनी भन्छिन्- "जसरी एउटा नपढेको मूर्तिकारले पनि ठुँगेर मूर्ति बनाउन सक्छ । त्यसैगरी नै मैले पनि अक्षर र आकारहरू एक ठाउँबाट अर्को ठाउँमा सारेर सिकें ।"

कविता कस्तो हुन्छ भन्नेसमेत थाहा नपाएकी दिव्यलक्ष्मी कसरी यसक्षेत्रमा लागिन् ? उनी भन्छिन्- "०४० सालमा १६ वर्षको उमेरमा नै विवाह भयो । घरमा आइसकेपछि माइतीको निकै याद आयो । अक्षरहरू त्यति राम्रोसँग आउँदैनथ्यो । चिठ्ठी लेख्न खोज्दा जानिनँ । जस्तो पायो त्यस्तै गरी मनमा लागेका कुराहरू लेखी पठाएँ । माइतीले कति राम्रो कविता लेखेर पठाएको भनेपछि पो थाहा पाएँ त्यस्तो त कविता पो हुँदो रहेछ भनी ।" उनले माइतीलाई त्यतिबेला लेखेको चिठी यस्तो थियो-

*स्वस्थी श्री बुबामुवा र अनि फेर दाइ दिदी भाउजूमा*
*प्रमाण गर्छु म सदा दिनदिनै टाढा भयो आउन*
*बहिनी कृष्णा, कल्पना र जमुना भाइ नवराजमा*
*आशिष दिन्छु यही सदा सरस्वती बसिरहून् कण्ठमा ।*

माइतीलाई लेखेको यही चिठ्ठीले नै उनलाई कविताको क्षेत्रमा लाग्ने औजार बन्यो । उनलाई कुनै चिजले मनमा छोयो भने त्यो तुरुन्तै कपीमा तुरुन्त टिप्छिन् । तर आफूले कविता लेखें कि मुक्तक लेखें, त्यो चाहिँ छुट्याउन

गाह्रो पर्छ । यसै क्रममा उनी भन्छिन्- "कसैले हेरिदिएर तपाईले त यो पो लेख्नुभएको रहेछ भनेपछि मात्र मैले त यो पो लेखेको रहेछु भन्ने थाहा पाउछु । त्यसैले म कसैको मद्दतबिना अगाडि बढ्न सक्दिन् ।"

पहिलापहिला त आफूले रचेका रचनाहरू हेरेर बोझ भएजस्तो भान हुन्थ्यो । आफूले नचाहिने काम तथा असफल प्रयास गरेजस्तो लाग्थ्यो, तर विस्तारै आएर आफू सफल भइरहेको जस्तो लागेको उनले बताइन् । उनका कविताहरू प्रायः वर्तमान देशको परिस्थितिबारे व्यंग्यात्मक तथा दुःखमा रुमलिएका हुन्छन् । मुटुसम्बन्धी रोगबाट पीडित दिव्यलक्ष्मी अस्पताल जादा डाक्टरहरूले विभिन्न जाच जस्तै एक्स-रे, इन्डोस्कोपी आदि गराउनुभन्दा आफूसग पैसा नहुदा हरेस खाई घरमा आएर मनमा लागेका कुरालाई कापीमा यसरी उतारिन्-

*रोग लाग्यो हर्टसम्बन्धी*
*बाच्ने आशा मेटियो*
*घाइते मुटु साथ लिदै*
*कति बाच्ने हो ?*

*सहयोग मागें गरिबको*
*कसले सुन्छ माग पनि*
*धन हेरेर इलाज गर्छन्*
*डाक्टर सा"प पनि ।*

यसरी आफ्ना मनमा लागेका कुराहरूलाई तुरुन्तै कापीमा उतारिहाल्ने भएकाले उनलाई कत्तिले आशुकवि पनि भन्ने गरेका छन् । तर उनलाई कस्तोलाई आशु कवि भनिन्छ, थाहा छैन । उनले अहिलेसम्म लेखनाथ पौडचालको र माधव घिमिरेको नाम सुनेको बताइन् । लेखनाथ पौडचालको नाम रेडियोबाट सुनेको र उनको रचना अहिलेसम्म नपढेको तर माधव घिमिरेको गौरी चाहि विभिन्न व्यक्तिको सहयोगबाट बल्लबल्ल पढेको दृष्टिलाई बताइन् । आफूले लेखेको समेत पढ्न गाह्रो हुने हुदा अरुले लेखेको त पढ्न असमर्थ भएको बताइन् । तर धार्मिक किताबहरू रामायण भने पढेकी छिन् । धर्ममा बढी आस्था भएकाले उनले एक-एक श्लोक घोकेरै कण्ठ पारेकी छिन् ।

अहिले आएर पढ्न मन लाग्दैन भन्ने प्रश्नमा उनी भन्छिन्- "अहिले आएर आकाश छुन सकिदैन । पढ्न त मन लाग्छ नि । के गर्नु म त यता न उताको भएकी छु । यस उमेरमा म बाल शिक्षामा भर्ना हुने कुरा भएन, क्याम्पसमा गएर म पढ्न सक्दिन् । पढ्नलाई उमेरले छेक्दैन भनेर नहुने रहेछ । भात पकाउ, छोराछोरीलाई स्कुल पठाउ, घरको धन्दा गर । त्यसैले त छेक्दो रहेछ नि ।

तरकारी पसल गरेर बसेकी दिव्यलक्ष्मी बिहानबेलुका पसलमै व्यस्त रहन्छिन् । दिउसो घरको धन्दा गर्नमै ठिक्क हुन्छ । उनलाई एकदमै फुर्सदको समय भनेको खाना बनाउदाको समय हो । त्यही बेला उनले आफ्नो मनमा लागेका कुरालाई कविताको रूप दिन्छिन् र सच्याउने काम राति सुत्ने बेलामा गर्ने उनले बताइन् ।

अहिलेसम्म कुनै रचनाहरू प्रकाशित नगरेकी दिव्यलक्ष्मीले कान्तिपुरमा देशको वर्तमान स्थितिबारे एउटा लेख दिएकी थिइन्, तर अलि थोरै भएकाले लामो लेखेर ल्याउनू भनेपछि सकेसम्म लम्ब्याउन कोसिस गरिरहेकी छिन् । उनी अगाडि भन्छिन्- "अहिलेसम्म कुनै प्रकाशित गरेकी छैन । शुद्ध, अशुद्धको त्यति राम्रो ज्ञान नभएकाले छाप्न दिएकी छैन ।

दिव्यलक्ष्मीलाई यस काममा उनका पति र आफन्तले निकै ठूलो मद्दत पुऱ्याएका छन् । पति र आफन्तको सहयोग र प्रेरणाले नै उनले फुटकर कविता संग्रह र भजन संग्रहको किताब निकाल्ने तयारीमा जुटेकी छिन